# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ सङ्ख्या : ४ मिति : साउन १०, २०७९


## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

### उर्लाबारी नगरपालिकाको सहकारी संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ असार १७ गते

उर्लाबारी नगरपालिका

## १. प्रस्तावना :

उर्लाबारी नगरपालिकाको सहकारी ऐन २०७६ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरि उर्लाबारी नगरपालिका क्षेत्रमा दर्ता हुने सहकारी संस्थाहरुका सम्बन्धमा दर्ताको प्रक्रिया र आवश्यक पर्ने कागजातहरू तोकी उर्लाबारी नगरपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

२. यो कार्यविधिको नाम **उर्लाबारी नगरपालिकाको सहकारी संस्था दर्ता सम्वन्धी कार्यविधि, २०७९** रहेको छ ।

३. यो कार्यविधि उर्लाबारी नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ ।

४. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. **ऐन** भन्नाले उर्लाबारी नगरपालिकाको सहकारी ऐन २०७६ सम्झनु पर्दछ ।

२. **दर्ता गर्ने अधिकारी** भन्नाले ऐनले ऐनको दफा ६९ बमोजिमको सहकारी संस्था दर्ता गर्ने अधिकारी संझनु पर्दछ ।

**५. सहकारी संस्था दर्ताको लागि आवेदन गर्दा आवश्यक पर्ने कागजातहरु**

१. आवेदकहरूको विवरण फारम (अनुसूची १ बमोजिमको)

२. तदर्थ सञ्चालक समितिका सदस्यहरूको अनुसूची २ को नमुनामा थप विवरण ।

३. प्रस्तावित सहकारी संस्थाको व्यवसायिक कार्ययोजना (अनुसूची ३ बमोजिम)

४. पहिलो प्रारम्भिक भेलाको निर्णयको प्रतिलिपि (अनुसूची ४ बमोजिम)

५. दोस्रो प्रारम्भिक भेलाको निर्णयको प्रतिलिपि (अनुसूची ५ बमोजिम)

६. अधिकार प्रत्यायोजन (अनुसूची ६ बमोजिमको)

७. दरखास्तवाला सबैको नेपाली नागरिकताको प्रमाण-पत्रको निज आफैंले **सक्कल बमोजिम नक्कल ठीक, दुरुस्त छ** भनी सहीछाप गरेको प्रतिलीपि।

८. दरखास्तवाला सबै सम्वन्धित वडामा स्थायी रुपमा बसोबास गरिरहेका हुन् भन्ने व्यहोरा सहित वडा कार्यालयबाट संस्था दर्ता गरिदिने विषयको सिफारिस पत्र ।

९. कार्यक्षेत्र बाहिरको नागरिकता भएका दरखास्तवालाहरूको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिका साथै कार्यक्षेत्र भित्र बसोबास गरेको पुष्टि मिल्ने देहायको कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि समेत :

- मतदाता परिचय-पत्र;
- बसाइँ - सराइको प्रमाण-पत्र;
- विवाह दर्ता प्रमाण-पत्र;

१०. दरखास्तवालाहरू सबै जनाले नगरपालिका भित्र सोही प्रकृतिको अर्को कुनै संस्थाको सदस्यता लिएको छैन र साथै पहिले कुनै सहकारी संस्थामा संलग्न रही ऋण नतिरेको, रकम हिनामिना वा कुनै बैङ्क वा वित्तीय संस्थाको कालो

सूचीमा परेको पनि छैन भनी अनुसूची ७ को ढाँचामा गरेको स्व-घोषणा ।

११. संस्थाको व्यावसायिक योजना, सदस्यताको आधार र स्रोत परिचालनका पक्षहरू समेतको समुचित विश्लेषण गरिएको अनुसूची ८ मा उल्लिखित विषयहरू समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन ।

१२. दरखास्तवालाहरूले सेयर र प्रवेश शुल्क बापत जम्मा गरेको रकम तदर्थ सञ्चालक समितिका जिम्मावाल कसैको जिम्मामा छ भन्ने बेहोरा खुल्ने अनुसूची ९ बमोजिमको भर्पाई ।

१३. प्रस्तावित सहकारी संस्थाको सक्कल विनियम २ प्रति (अनुसूची १० बमोजिम)

## ६. सहकारी संस्था गठन तथा दर्ताको प्रक्रिया

### १. प्रथम प्रारम्भिक भेला

प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरूको प्रारम्भिक भेला बोलाउनुपर्दछ । भेलामा संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्यामा इच्छुक सबै व्यक्तिहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्दछ । भेलामा उपस्थित व्यक्तिहरू मध्येवाट भेलाले तोकेको व्यक्तिको

उर्लाबारी नगरपालिका

संयोजकत्वमा बैठक बसी देहायका कार्यसूचीमा विचार-विमर्श गरेर निर्णय लिनु पर्दछ :

१. संस्था खोल्ने विषयमा;
२. संस्थाको नाम, ठेगाना सम्बन्धमा;
३. संस्थाको उद्देश्य र कार्यहरूको निर्धारण सम्बन्धमा;
४. संस्थाको कार्यक्षेत्र तय गर्ने सम्बन्धमा;
५. संस्थाको प्रतिसेयर रकम र सदस्य प्रवेश शुल्क रकम निर्धारण सम्बन्धमा;
६. तदर्थ सञ्चालक समितिको गठन सम्बन्धमा;
७. विनियम मस्यौदा समिति गठन सम्बन्धमा;
८. कार्ययोजना तर्जुमा समिति गठन सम्बन्धमा;
९. आर्थिक तथा प्रशासनिक नियमावली मस्यौदा समिति गठन गर्ने; सम्बन्धमा;
१०. बचत तथा ऋणको कारोबार गर्ने संस्था बचत भए परिचालन निर्देशिका मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
११. सेयर र सदस्य प्रवेश शुल्क बापत रकम उठाउने र उठेको रकम जिम्मा दिने सम्बन्धमा र
१२. संस्था स्थापना सिलसिलामा तय गर्नुपर्ने अन्य आवश्यक विषयहरुमा ।

**पहिलो प्रारम्भिक भेलाको निर्णयहरूको नमुना अनुसुची-४ मा राखिएको छ ।**

## २. दोस्रो प्रारम्भिक भेला

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितिहरूले कार्य सम्पन्न गरेपछि त्यस बीचमा इच्छुक अन्य व्यक्तिहरू समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिम अनुसार गठन गर्न

कानुनतः चाहिने न्यूनतम सङ्ख्या पुगेको उपस्थितिमा देहायका कार्यसूचिमा छलफल चलाएर निर्णय गर्नुपर्दछ :

१. मस्यौदा विनियम पारित गर्ने;
२. प्रस्तावित कार्ययोजना स्वीकृत गर्ने;
३. संस्था दर्ता गर्न तदर्थ सञ्चालक समितिका अध्यक्ष र अन्य दुई जना सम्मलाई अधिकार प्रत्यायोजन गर्ने;
४. संस्था दर्ता पश्चात सेयर र सदस्य प्रवेश शुल्क बापत उठेको रकम बैंकमा खाता खोली जम्मा गर्ने;
५. खाता सञ्चालन गर्ने व्यक्तिहरू तोक्ने;
६. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;
७. आर्थिक तथा प्रशासनिक नियमावलीको मस्यौदा पारित गर्ने;
८. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए मस्यौदा बचत परिचालन निर्देशिका पारित गर्ने;
९. संस्था स्थापना सिलसिलामा आवश्यक अन्य विषयहरू तय गर्ने ।

**दोस्रो प्रारम्भिक भेलाको निर्णयहरूको नमुना अनुसुची ५ मा राखिएको छ।**

## ३. संस्था दर्ताको दरखास्त

माथि उल्लेख भए अनुसारको प्रक्रिया गरि सकेपछि ऐनको अनुसूची १ को ढाँचामा तदर्थ सञ्चालक समितिका अध्यक्षको तर्फबाट नगरपालिकाले तोकेको दस्तूर तिरेको रसिद संलग्न राखी प्रस्तावित संस्थाको दुई प्रति सक्कलै विनियम लगायत सम्पूर्ण कागजातहरु संलग्न राखेर दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्दछ ।

## ४. सहकारी संस्था दर्ता

माथि उल्लेखित प्रक्रिया तथा कागजातहरु सहित सहकारी संस्था दर्ताका लागि आवेदन प्राप्त भएपछि दर्ता गर्ने अधिकारीले प्राप्त कागजात तथा प्रक्रियाहरूको अध्ययन तथा आवश्यक छानवीन समेत गरी उर्लाबारी नगरपालिका सहकारी ऐन २०७६ को दफा ६ बमोजिम सहकारीका मूल्य, मान्यता, सिद्धान्तहरू एवं कानून र यस कार्यविधि अनुसार सहकारी संस्था दर्ता गर्न उपयुक्त देखिएमा आवेदन प्राप्त भएको मितिले ३० दिनभित्र अनुसुची ११ बमोजिमको दर्ता कितावमा सहकारी संस्था दर्ता गरी उर्लाबारी नगरपालिकाको सहकारी ऐन २०७६ को अनुसूचि २ बमोजिमको सहकारी संस्था दर्ता प्रमाणपत्र र एकप्रति विनियम स्वीकृत गरी उपलब्ध गराएपछि सहकारी संस्था दर्ता प्रक्रिया पूरा हुनेछ ।

उर्लाबारी नगरपालिका

# अनुसूची १

## आवेदकहरूको विवरण फाराम

| सि.नं | बाजेको नाम थर | बावुको नाम थर | पति वा पत्निको नाम थर | आवेदकको नाम थर | उमेर | ठेगाना | पेसा | प्रति सेयर रकम रु | खरिद सेयर संख्या | सेयरको जम्मा रकम रु. | ससम्पर्क नम्बर | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# अनुसूची २

## तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| सि.नं. | बाजेको नाम, थर | बावुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | बहाल रहुने अअवधि | औंठाछाप | फोटो र फोटोमा पर्ने गरि सहिछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# अनुसूची ३

## व्यावसायिक कार्ययोजनाको रूपरेखा

संस्थाको नाम:....................... ठेगाना :...........................

क. उद्देश्य -:

१. .............. ............................ ................. ..............
२. .............. ............................ ................. ..............
३. .............. ............................ ................. ..............

ख. कार्यहरू:-

१. .............. ............................ ................. ..............
२. .............. ................ ................ ................. .............
३. .............. ................ ................ ................. .............
४. .............. ................ ................ ................. .............
५. .............. ................ ................ ................. .............

ग. आगामी ३ वर्ष पछिको अवस्था प्रक्षेपण

ग-१. सदस्यता विस्तार लक्ष्य

| **विवरण** | **पहिलो बर्ष** | **दोस्रो बर्ष** | **तेस्रो बर्ष** | **कैफियत** |
|---|---|---|---|---|
| सदस्य सङ्ख्या | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |

उर्लाबारी नगरपालिका

ग-२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| क.सदस्यको उत्पादन खरिद | | | | |
| १.परिमाण (......) | | | | |
| २.रकम (रु.) | | | | |
| ३.लाभान्वित हुने सदस्य (जना) | | | | |
| ख.सदस्यलाई वस्तु वा सेवा विक्री | | | | |
| १. परिमाण (... ...) | | | | |
| २. रकम (रु.) | | | | |
| ३.लाभान्वित हुने सदस्य (जना) | | | | |
| ग. सदस्यलाई रोजगारीको अवसर सृजना | | | | |
| १. प्रत्यक्ष पूर्णकालीन (जना) | | | | |
| २. अप्रत्यक्ष पूर्णकालीन (जना) | | | | |
| घ. सदस्यलाई बचत सेवा | | | | |

| | | | | |
|---|---|---|---|---|
| रकम (रु.) | | | | |
| जना | | | | |
| ङ. सदस्यलाई ऋण सेवा | | | | |
| रकम (रु) | | | | |
| जना | | | | |

उर्लाबारी नगरपालिका

ग-३. सहकारी गतिविधि विस्तार लक्ष्य

| **विवरण** | **पहिलो बर्ष** | **दोस्रो बर्ष** | **तेस्रो बर्ष** | **कैफियत** |
|---|---|---|---|---|
| सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| समुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

घ. पुँजीको स्रोत र उपयोग

| **विवरण** | **पहिलो बर्ष** | **दोस्रो बर्ष** | **तेस्रो बर्ष** | **कैफियत** |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थिर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| चालु पुँजीतर्फ (मौज्दात मालसामान, उधारो विक्री, नगद मौज्दात आदि) | | | | |
| ऋण लगानीतर्फ | | | | |
| जम्मा | | | | |
| स्रोत | | | | |

| | | | | |
|---|---|---|---|---|
| सेयर पुँजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य (.........) | | | | |
| सदस्यको बचत(सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

उर्लाबारी नगरपालिका

## अनुसूची ४

## पहिलो प्रारम्भिक भेलाः निर्णयहरूको नमुना

मिति .................. का दिन हामी तपसिलका व्यक्तिहरूले सहकारी संस्था खोली सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री ................. को अध्यक्षतामा पहिलो प्रारम्भिक भेला गरी तपसिल बमोजिमका विषयहरूमा गहन छलफल एवं सान्दर्भिक निर्णय लिइयो ।

| सि.नं | नाम,थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरू

१. सहकारी संस्था गठन गर्ने;

२. संस्थाको नाम र ठेगाना राख्ने;

३. उद्देश्य र कार्य तय गर्ने;

४. कार्यक्षेत्र निर्धारण गर्ने;

५. सेयर र प्रवेश शुल्कको रकम तोक्ने;

६. तदर्थ सञ्चालक समिति गठन गर्ने;

७. संस्थाको विनियम, कार्ययोजना,सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने, संस्थाको हकमा बचत परिचालन निर्देशिकाको मस्यौदा गर्ने;

८. सेयर र प्रवेश शुल्कबापत उठेको रकम जिम्मा दिने;

९. स्व-घोषण गर्ने;

१०. दर्ता गर्ने अधिकारीसँग पूर्व-परामर्श लिने;

११. विविध ।

**निर्णयहरू**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधि अनुरूप एकजुट भएर स्वावलम्बन, पारस्परिकता र किफायतको वृद्धि गर्दै आफ्नो आर्थिक-सामाजिक जीवनस्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरू एवं सशक्तीकरणका कार्यहरू सञ्चालनार्थ सहकारी ऐन, नियम बमोजिम............ .............सहकारी संस्था गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं.२ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम श्री......................... सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना............... राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** सदस्यहरूको व्यक्तित्व विकास, व्यावसायिक विकास र सामुदायिक विकासका उद्देश्य र तदनुसारका कार्यहरू विनियममा उल्लेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं.४ माथि छलफल गर्दा प्रस्तावित...........सहकारी संस्थाको कार्यक्षेत्र मोरङ जिल्लाको उर्लाबारी नगरपालिका वडा ...नं.राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं.५ माथि छलफल गर्दा प्रस्तावित............सहकारी संस्थाको प्रति सेयर मूल्य रु १०० र प्रवेश शुल्क बापतको रकम रु.......राख्ने निर्णय गरियो ।

उर्लाबारी नगरपालिका

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ का सम्बन्धमा आजको भेलाबाट प्रस्तावित............ सहकारी संस्थाको तदर्थ सञ्चालक समिति देहाय बमोजिमको गठन गर्ने प्रस्ताव पारित गरियो ।

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | |
| २ | उपाध्यक्ष | |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |
| ६ | सदस्य | |
| ७ | सदस्य | |

**निर्णय नं. ७ :** प्रस्ताव नं.७ माथि छलफल गर्दा यस सहकारी संस्थालाई विधिवत दर्ता गरी सञ्चालन गर्न आवश्यक पर्ने सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्न, कार्ययोजना तर्जुमा गर्न र विनियम,-आर्थिक प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका बनाउनका लागि तपसिल बमोजिमका व्यक्तिहरू रहने गरी मस्यौदा, अध्ययन वा तर्जुमा समितिहरू गठन गर्ने र समितिहरूले मिति २०...।...।...मा हुने दोस्रो भेलामा आ-आफ्नो मस्यौदा पेस गर्ने निर्णय गरियो ।

**क. विनियम मस्यौदा समिति**

श्री ...................... -संयोजक
श्री ........................ -सदस्य,
श्री ....................... .-सदस्य,
श्री ........................ -सदस्य,
श्री ....................... .-सदस्य-सचिव

## ख. कार्ययोजना तर्जुमा समिति

श्री ...................... -संयोजक,

श्री ........................ .-सदस्य,

श्री ......................... -सदस्य,

श्री ...................... ..-सदस्य,

श्री ........................ .-सदस्य-सचिव

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ का सम्बन्धमा संस्था दर्ता गर्ने प्रयोजनका लागि सम्पूर्ण सदस्यहरूबाट प्राप्त भएको सेयर बापतको रकम रु....... र प्रवेश शुल्क बापतको रकम रु....... गरी जम्मा उठेको रकम रु..... ( अक्षरेपि रुपैयाँ............ ) संस्था दर्ता भए पश्चात् संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने गरी हालका लागि संस्थाका तदर्थ समितिका ...............श्री .......................... को जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाका सदस्यहरूको स्व-घोषणा तयार गरी मिति २०...। ...।... मा हुने दोस्रो भेलामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका अध्यक्ष र यथाशक्य मस्यौदा समितिहरूका संयोजकहरू सबै जनाले मस्यौदा कार्य थाल्नु अगावै दर्ता गर्ने अधिकारी सँग भेटी-परामर्श पूर्व गर्ने तय गरियो ।

**निर्णय नं. ११ :** प्रस्ताव नं.११ माथि छलफल गर्दा संस्थाको दोस्रो भेला मिति २०...। ...।...मा गर्ने निर्णय गरियो । आजको यस सहभेलाले संस्था खोल्ने सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको हुँदा उपस्थित सहभागीलाई अध्यक्षबाट धन्यवाद ज्ञापन गरियो। साथै सबै जना मन, बचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढ्ने सङ्कल्पका साथ यो प्रारम्भिक भेला समापन गरियो ।

# अनुसूची ५

## दोस्रो प्रारम्भिक भेला : निर्णयहरूको नमुना

मिति २०......... का दिन हामी तपसिलका व्यक्तिहरूको उपस्थितिमा प्रस्तावित............... ...सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री .................. को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरू माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**प्रस्तावहरू**

१. मस्यौदा विनियम पारित गर्ने;

२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारूप स्वीकृत गर्ने;

३. संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने;

४. संस्था दर्ता पश्चात् सेयर र सदस्य प्रवेश शुल्क बापत उठेका रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालन गर्ने;

उर्लाबारी नगरपालिका

५. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;

६. आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका पारित गर्ने र

७. विविध ।

**निर्णयहरू**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रस्तावित.................सहकारी संस्था लि. को विनियम बनाउनका लागि मिति २०...।...।... मा श्री............... को संयोजकत्वमा गठित मस्यौदा समितिले पेस गरेको विनियमको मस्यौदामाथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामा तदर्थ सञ्चालक समितिका सदस्यहरूका साथै अटेसम्म सबै जनाले हस्ताक्षर गर्ने निर्णय समेत भयो ।

**निर्णय नं. २ :** प्रस्ताव नं.२ माथि छलफल गर्दा तर्जुमा समितिहरूले पेस गरेका कार्ययोजनाको प्रारूपका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनमा सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३ :** यस सम्बन्धमा छलफल गर्दा प्रस्तावित.................सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सबैसदस्यहरू सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यवहारीक कठिनाइले गर्दा संस्था दर्ता गर्न एवं विनियम लगायतका अन्य कागजातमा आवश्यक सामान्य थपघट गरी प्रमाणित गर्नका लागि तदर्थ सञ्चालक समितिका ................. श्री ............................, ...... श्री ................. र ............... श्री ...............समेतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरूबाट उठेको सेयर तथा प्रवेश शुल्क बापतको रकम हाल तदर्थ सञ्चालक समितिका .................. श्री .................. को जिम्मामा रहेकोमा संस्था दर्ता भए पश्चात् .................. बैङ्कमा तदर्थ सञ्चालक समितिका अध्यक्ष र कोषाध्यक्षका संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं ५ मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका तर्फबाट पेस भएको स्व-घोषणा- पत्रको बेहोराको मस्यौदाउ पर छलफल गरी सर्वसम्मतिले पारित गरेर सबै जनाले सहीछाप गर्ने निर्णय भयो ।

**निर्णय नं. ६ :** मस्यौदा समितिहरूले पेसगरेको संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका उपर व्यापक छलफल गरी पारित गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं.७ माथि छलफल गर्दा अन्य छलफल गर्नुपर्ने विषय नभएको हुँदा उपस्थित सहभागीलाई अध्यक्षबाट धन्यवाद ज्ञापन गरियो । साथै सबै जना मन, बचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढ्ने सङ्कल्पका साथ दोस्रो प्रारम्भिक भेला समापन गरियो ।

उर्लाबारी नगरपालिका

# अनुसूची ६

## अधिकार प्रत्यायोजनको नमुना

मति : २०...।...।...

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू !
उर्लाबारी नगरपालिका कार्यालय,
उर्लाबारी मोरङ्ग।

विषय :- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ..................सहकारी संस्था लि. को मिति २०...।...।... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णय अनुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फ बाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ............ श्री ...................... श्री ........... र ......... श्री ............ ..समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौं । निजहरूले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| सि.नं. | नाम | ठेगाना | पद | दस्तखत नमूना | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

उर्लाबारी नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | | | | |
| ३ | | | | | |

| सि.नं. | आवेदकको नाम थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

द्रस्टव्य : अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

उर्लाबारी नगरपालिका

# अनुसूची ७

## स्व-घोषणा-पत्रको नमुना

प्रस्तावित श्री ………………सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानुन सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्य कारण बाहेक अन्य कुनै कारण कार्य नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयो गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

**हामी आवेदकहरू कोही पनि–**

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ । सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौ
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै कारीसह संस्था/सङ्घ/राष्ट्रिय सहकारी बैङ्कको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति, हैनौ ।
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाईमा परेका वा फरार रहेका व्यक्ति ;हैनौ ।
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुन बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहु आयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त बेहोरा ठीक, साँचो हो । झुट्ठा ठहरे कानुन बमोजिम, सहुला बुझाउँला भनी सहीछाप गर्ने–



उर्लाबारी नगरपालिका

| सि.नं. | आवेदकको नाम थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

द्रस्टव्य : स्व घोषणा -पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

उर्लाबारी नगरपालिका

# अनुसूची ८

## सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१ . परिचय

२. संस्था गठन गर्नु पर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यावसायिक सम्भाव्यता

६. पुँजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

७. बजार विश्लेषण

 ७.१ नजिकको बजार

 ७.२ टाढाको बजार

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थमा संलग्न हुन नसक्ने कारणहरु ।

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

उर्लाबारी नगरपालिका

# अनुसूची ९

## भर्पाईको नमुना

भर्पाइ दादै प्रस्तावित..................सहकारी संस्था लि.को तदर्थ सञ्चालक समितिका ................ श्री ........................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको...........प्रारम्भिक भेलाको मिति.................को निर्णय बमोजिम प्रति सेयर रु........। का दरले........ जनाबाट जम्मा .......... कित्ताको हुन आउने जम्मा रकम रु.................................. मात्र) र प्रवेश शुल्क व्यक्ति रु. .........।- का दरले आउने रु..........।- (अक्षरेपि......................मात्र) गरी जम्मा रु. ..........................।- (अक्षरेपि.................................. मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाइमा सहीछाप गरी.नगरपालिकामा पेस गरेको छु। प्राप्त रकम हाल मेरो ........बैंकमा रहेको.....हिसाब नं. .........मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु। उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोले सम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्काले दाखिला गर्नेछु। फरक परेमा कानुन बमोजिम कारबाई भएमा मेरो मञ्जुरी छ।

इति संवत् २०..... साल ........ महिना .... गते रोज ....शुभम्।

## अनुसुची-१०

## कार्यविधिको दफा ५ को उपदफा १३ सँग सम्बन्धित विनियममा उल्लेख गर्नुपर्ने बिषयहरु

**प्रस्तावना**

१. संक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्यहरु
६. कार्यक्षेत्र
७. संस्था संगठित संस्था हुने
८. सहकारी सिद्धान्त र आबद्धता
९. संस्थाको सदस्य
१०. सदस्यताको योग्यता
११. सदस्यताको लागि निवेदन र प्राप्ती
१२. सदस्य हुन नपाउने
१३. सदस्यताको अन्त्य
१४. सदस्यताको निष्काशन
१५. सदस्यताबाट राजिनामा
१६. पुनः सदस्यता
१७. सदस्यको काम, कर्तव्य र अधिकार
१८. सदस्यको दायित्व
१९. सदस्यताको दर्ता किताब

उर्लाबारी नगरपालिका

२०. सदस्यता खुला तथा सदस्यता प्राप्ती, पुनः प्राप्ती र राजिनामा स्वैच्छिक हुनुपर्ने ।

२१. सेयर पुजी

२२. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने

२३. थप सेयर खरिद गर्न सक्ने

२४. शेयरको प्रमाणपत्र

२५. सेयर फिर्ता वा हस्तान्तरण

२६. प्रवेश शुल्क

२७. कृतिम छेकबार नलगाइने

२८. प्रारम्भीक साधारण सभा

२९. बार्षिक साधारण सभा

३०. बिशेष साधारण सभा

३१. साधारण सभाको बैठक

३२. साधारण सभाको काम कर्तव्य र अधिकार

३३. साधारण सभाको निर्णय अनिवार्य हुने

३४. संचालक समिति

३५. समितिको काम, कर्तव्य र अधिकार

३६. समितिको बैठक

३७. लेखा सुपरिवेक्षण समिति

३८. समिति सदस्यमा बहाल रहन नसक्ने अवस्था

३९. लेखा सुपरिवेक्षण समितिको बैठक

४०. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार

४१. प्रतिनिधित्व

४२. उत्तरदायित्व शृङखला

४३. अध्यक्षको काम कर्तव्य र अधिकार

उर्लाबारी नगरपालिका

४४. व्यवस्थापकको नियुक्ती
४५. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४६. विषेश जिम्मेवारी
४७. कर्मचारी नियुक्ती तथा सेवाका सर्तहरु
४८. संस्थाको कोष
४९. कोषको सुरक्षा
५०. कोषको उपयोग
५१. खाता संचालन
५२. बचतको वितरण
५३. जगेडा कोष
५४. संरक्षित पूजी फिर्ता
५५. लाभांस वितरण नगरिने
५६. जगेणा कोषमा रकम सार्नुपर्ने
५७. बचत संकलन गर्न सक्ने
५८. बचत संकलनमा सिमा
५९. ऋण दिन सक्ने
६०. ऋण प्रवाहमा सीमा
६१. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
६२. साधारण सभाको स्वीकृती लिनुपर्ने
६३. सदस्य केन्द्रीयता
६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
६५. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६६. जोखिम मूल्याङ्कन
६७. कारोबार नगरिने
६८. कारोबारको लेखा

६९. खाताबही
७०. आन्तरिक हिसाब जाँच
७१. बार्षिक हिसाब जाँच
७२. बिधुतीय लेखा प्रणालीको प्रयोग
७३. अन्य आधारभुत कागजात
७४. एकीकृत सुचना प्रणालीमा आबद्धता
७५. दर्ता गर्ने अधिकारी समक्ष प्रतिवेदन
७६. वित्तीय जानकारी इकाइमा प्रतिवेदन
७७. साधारण सभामा जानकारी गराउनु पर्ने
७८. सुचनाको हक तथा अग्रतापूर्ण खुलासा
७९. सुचनाको संरक्षण
८०. हकवालको मनोनयन
८१. हक दाबी वा नामसारी
८२. निर्वाचन र सपथ ग्रहण
८३. एकीकरण वा विभाजन
८४. कार्यान्वयन अधिकारी
८५. मध्यस्थता
८६. समानता र समता
८७. विनियम संशोधन
८८. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८९. व्याख्या गर्ने अधिकार
९०. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

उर्लाबारी नगरपालिका

# अनुसुची- ११
## संस्था दर्ता किताबको नमुना
## उर्लाबारी नगरपालिका कार्यालय उर्लाबारी, मोरङ ।

| दर्ता नं | निर्णय मिति | संस्थाको नाम ठेगाना | वर्गिकरण | सदस्य संख्या | | | | जम्मा सेयर रपुँजी रु. | जम्मा प्रवेश शुल्क रु. | अध्यक्षको नाम, थर | दर्ता गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिना | पुरुष | अन्य | जम्मा | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. १५/-*



उर्लाबारी नगरपालिका